**आकाशवाणी समाचार- नेपाली**

मितिः ०२ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

**1)राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि ओडिशा र छत्तीसगढ़को छः दिनको भ्रमणमा रहनु हुनेछ ।यस अवधि उहाँ बालासोर स्थित फकीर मोहन विश्वविद्यालयको दीक्षांत समारोहमा शामेल हुनु हुनेछ|**

**2)पश्चिम बंगाल की मुख्यमंत्री ममता बनर्जीले आज दिल्लीमा मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारसित भेट गर्नुहुनेछ।**

**3)विपक्षी दलका नेता सुवेन्दु अधिकारीले केन्द्रीय बजेट २०२६-२७ को प्रशंसा गर्दै भनेका छन् कि बङ्गाल यस बजेटमा वञ्चित भएको छैन, तर नया बजेटमा राज्यका लागि औद्योगिक र पूर्वाधार विकासको ठूलो सम्भावना छ।**

**4)दार्जिलिङ जिल्लामा पुलिस प्रशासनमा ठूलो परिवर्तन। प्रतीक्षा झारखरिया दार्जीलिङको नयाँ पुलिस सुपरिटेन्डेन्ट (एसपी) नियुक्त|**

**5)कोलकातास्थित अन्तर्राष्ट्रिय पुस्तक मेलामा हिज आकस्मिक आगलागी , हाल अवस्था नियन्त्रणमा |**

**राष्ट्रपति-भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि ओडिशा र छत्तीसगढ़को छ दिनको भ्रमणमा रहनु हुनेछ ।यस अवधि उहाँ बालासोर स्थित फकीर मोहन विश्वविद्यालयको दीक्षांत समारोहमा शामेल हुनु हुनेछ र यसको नवनिर्मित सभागारको उद्धाटन गर्नुहुनेछ ।
4 फरवरीमा , राष्ट्रपतिले रायरांगपुरको महुलडीहा स्थित सरकारी कन्या उच्चतर माध्यमिक विद्यालयमा भंजबीर सुनाराम सोरेनको प्रतिमाको अनावरण गर्नुहुनेछ र छात्राहरुसित बातचीत गर्नुहुनेछ ।उहाँले सरकारी आयुर्वेद मेडिकल कॉलेज र अस्पताल, ओडिशा कृषि र प्रौद्योगिकी विश्वविद्यालय- ओयूएटी परिसर, तीरंदाजी केंद्र, शहरको सौंदर्यीकरण र जल निकसी उन्नयनसित जुडेका विभिन्न परियोजनाहरुको उद्धाटन र शिलान्यास पनि गर्नुहुनेछ ।

**प्रधानमंत्री - बजट**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ कि केन्द्रीय बजेट मानव केन्द्रित छ र अभूतपूर्व सुधारहरूको साथ भारतको आधारलाई बलियो बनाउँनेछ। यसलाई ऐतिहासिक बताउँदै प्रधान मन्त्रीले यसलाई देशको सुधारको मार्ग र दीर्घकालीन विकासको उत्प्रेरकको रूपमा वर्णन गर्नुभयो। वित्त मन्त्री निर्मला सीतारमणले हिजो संसदमा २०२६-२७ को केन्द्रीय बजेट पेश गरेकी थिइन्। बजेट प्रस्तुत भए पश्च्यात आफ्नो सम्बोधनमा बोल्दै श्री मोदीले भन्नुभयो, बजेट प्रस्तावहरूले अर्थव्यवस्थालाई ऊर्जा प्रदान गर्नेछ, नागरिकहरूलाई सशक्त बनाउनेछ र भारतका युवाहरूलाई नयाँ उचाइहरू प्राप्त गर्ने नयाँ अवसर दिनेछ। सरकारको सुधारको एजेन्डालाई 'सुधार एक्सप्रेस' को संज्ञा दिंदै प्रधान मन्त्रीले भन्नुभयो, भारतले अघि बढिरहेको सुधारहरूले यस बजेटबाट नयाँ ऊर्जा र गति प्राप्त गर्नेछ। उहाँले भन्नुभयो, पथ-प्रदर्शक सुधारहरूले आकांक्षी भारतका साहसी र प्रतिभाशाली युवाहरूलाई उडान भर्न खुला आकाश प्रदान गर्नेछ। वैश्विक मञ्चमा देशको महत्वाकांक्षामाथि प्रकाश पार्दै श्री मोदीले भन्नुभयो, भारतीयहरू आर्थिक रूपमा माथि उठ्न कटिबद्ध छन्। भारतका १४० करोड नागरिकहरू सबैभन्दा द्रुत गतिमा वृद्धि भइरहेको अर्थतन्त्र भएकोमामात्र सन्तुष्ट छैनन् र उनीहरू चाँडै नै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न चाहन्छन्। श्री मोदीले भन्नुभयो, उदयोन्मुख क्षेत्रहरू, पूर्वाधार र पुँजीगत खर्चलाई ठूलो प्रोत्साहन दिइएको छ र बजेटमा समावेश गरिएको नयाँ नीति र व्यावसायिक पहलहरूले युवाहरूलाई सबैभन्दा बढी फाइदा पुर्याउनेछ। उच्च पुँजीगत खर्च र उच्च वृद्धिदरमा जोड दिइने वित्तीय घाटा न्यूनीकरण र मुद्रास्फिति नियन्त्रणमा केन्द्रित यो अनुपम बजेट भएको प्रधानमन्त्रीले बताउनुभयो ।

## पश्चिम बंगाल CM-ECI

पश्चिम बंगाल की मुख्यमंत्री ममता बनर्जीले आज दिल्लीमा मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारसित भेट गर्नुहुनेछ। तृणमूल कांग्रेस की अध्यक्षको निर्वाचन आयोगको मुख्यालयको दौरा पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षणको बीच भैरहेछ, जसको सुश्री ममता बनर्जी र उनको पार्टीले पछिल्लो कतिपय महीनादेखि कड़ा विरोध गरिरहेको छ। बंगालमा भइरहेको एसआईआरको मुद्दालाई लिएर ममता ब्यनर्जीको चुनाउ आयोगकहाँ जाने कार्यक्रम रहेको छ। उनले मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारसित भेट गर्नेछन्। यसको साथै आइतवार दिल्ली प्रस्थान हुनपूर्व कोलकाता एयरपोर्टमा पत्रकारहरूसित बातचित गर्दै मुथ्यमन्त्रीले केन्द्रिय बजटलाई 'गार्बेज अफ लाइ', दिशाहीन औ भिजनलेस बजट बताइन्। मुख्यमन्त्रीले भनिन्, यो बजट पूर्ण रूपले गरीब विरोधी, महिला विरोधी तथा किसान विरोधी छ। उनी अनुसार यसमा आम मानिसहरूको हितमा कुनै स्पष्ट दिशा छैन। मात्र घोषणाहरूको थुप्रो लगाइएको छ, तर यसको प्रभाव आम जनताको जीवनमाथि पर्दैन। उनले यो पनि स्मरण गराइन्, बंगालको लगभग दुई लाख कड़ोर रुपियाँ केन्द्रमाथि बाँकी छ। तर बजटमा यसमाथि कुनै उल्लेख गरिएको छैन। सुश्री बनर्जीले दिल्लीमा अपनी पार्टीका सांसदहरुसित पनि भेट गर्नुहुनेछ। सुश्री बनर्जीको साथ उनको पार्टीका सांसदहरुपनि आउने संभावना रहेको छ।

## केंद्रीय बजट जनोन्मुखी, बंगालko औद्योगिक विकासलाई मिल्नेछ गति : शुभेंदु

पश्चिम बङ्गाल विधानसभामा विपक्षी दलका नेता सुवेन्दु अधिकारीले केन्द्रीय बजेट २०२६-२७ को प्रशंसा गर्दै भनेका छन् कि बङ्गाल यस बजेटमा वञ्चित भएको छैन, तर राज्यका लागि औद्योगिक र पूर्वाधार विकासको ठूलो सम्भावना छ। आफ्नो आधिकारिक एक्स अकाउन्टमा सुवे ेन्दु अधिकारीले भन्नुभयो, 'केन्द्रीय बजेटले पश्चिम बंगालका जनताको हृदयमा आशाको नयाँ किरण ल्याएको छ। उनले दाबी गर्नुभयो कि बजेटले पूर्वाधार विकासका लागि ठूलो लगानीको रूपरेखा प्रस्तुत गरेको छ, जसले राज्यमा औद्योगिकीकरणलाई बढावा दिनेछ। प्रस्तावित परियोजनाहरूको उल्लेख गर्दै उनले भन्नुभयो कि देशको पहिलो तटीय औद्योगिक कोरिडोर - पूर्वी तट औद्योगिक कोरिडोर तमिलनाडुदेखि पश्चिम बंगालको दुर्गापुरसम्म विकसित गरिनेछ, जसले बन्दरगाहहरू, राष्ट्रिय राजमार्गहरू, रेलवे र औद्योगिक क्लस्टरहरूलाई जोड्नेछ। यसले बंगालमा उद्योग स्थापनाका लागि अनुकूल वातावरण सिर्जना गर्नेछ ।उहाँले भन्नुभयो, दानकुनीदेखि सुरतसम्म प्रस्तावित डेडिकेटेड फ्रेट कोरिडोर र वाराणसीदेखि सिलीगुडीसम्म हाई स्पीड रेल कोरिडोरले पश्चिम बङ्गालको औद्योगिक क्षमतामा उल्लेखनीय वृद्धि गर्नेछ। विपक्षी दलका नेताले आयकर र जीएसटीमा दिइएको छुटको पनि उल्लेख गर्दै भनेका छन् कि आम जनताले १२ लाख रुपैयाँसम्म करबाट छुट र केन्द्र सरकारले जीएसटीमा दिएको छुटको लाभ पाइरहेका छन्।

## दार्जीलिङमा नयाँ एसपी प्रतिक्षा झारखरिया नियुक्त

दार्जिलिङ जिल्लामा पुलिस प्रशासनमा ठूलो परिवर्तन आएको छ । प्रतीक्षा झरखरियालाई दार्जीलिङको नयाँ पुलिस सुपरिटेन्डेन्ट (एसपी) मा नियुक्त गरिएको छ। यसअघि उनी बारासात जिल्लाको एसपी थिइन् । दार्जीलिङको पुलिस सुपरिटेन्डेन्ट पदमा महिला अधिकारीलाई नियुक्त गरिएको यो पहिलो पटक हो ।वर्तमान एसपी प्रवीण प्रकाश ६ औं बटालियनको कमान्डेन्ट नियुक्त भएका छन् । पुलिसको उच्च पदहरुमा अन्य स्तानातरणहरुपनि गरीएको छ। । यस सम्बन्धमा एक अधिसूचना जारी गरिएको थियो।

उल्लेखनीय कुरा के छ भने राज्य पुलिस डीजी राजीव कुमारको कार्यकाल समाप्त भएको छ। राज्य सरकारले यसअघि नै पीयूष पाण्डेलाई नयाँ डीजीमा नियुक्त गर्ने घोषणा गरिसकेको छ । कोलकाताका पुलिस कमिश्नरसहित कैयौँ शीर्ष पदमा पनि फेरबदल गरिएको छ ।

## कोलकाता पुस्तक मेलामा आगलागी

कोलकातास्थित अन्तर्राष्ट्रिय पुस्तक मेलामा आइतबार आकस्मिक आगलागी भएको छ। स्रोतका अनुसार धेरै स्टलहरूमा अचानक बिजुली कटौती भएको थियो।मेलाको एक भागमा सर्ट सर्किट भएर स्टलहमा आगलागी हुँदा धुवाँ निस्केको प्रारम्भिक जानकारी प्राप्त भएको छ । केही समयपछि, धेरै स्टलहरूको बत्तीहरू एकपछि अर्को गर्दै निभाइएको थियो।सहायताले आगो नियन्त्रणमा लिइएको थियो। पुलिस र प्रशासनको सक्रियताका कारण छोटो समयमा अवस्था सामान्य भएको र ठूलो क्षतिको खबर आएको छैन।

## गोर्खा राष्ट्रिय नारी संगठन केन्द्रिय समिति गठन, मणिकला तामाङ अध्यक्षा

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (जीएनएलएफ) ले आफ्नो संगठनलाई विस्तार गर्दै गोर्खा राष्ट्रिय नारी संगठन केन्द्रिय समिति गठन गरेको छ। आइतवार कालेबुङ शेर्पा गाउँ ब्लक नम्बर एकमा गोरामुमो अध्यक्ष मन घिसिङको अध्यक्षतामा बसेको सांगठनिक सभामा गोरानासं केन्द्रिय समिति गठन गरिएको छ।सभामा सर्वसहतिले मणिकला तामाङलाई गोरानासं केन्द्रिय समितिको अध्यक्षा पदमा अनि कमला तामाङलाई उपाध्यक्षा पदमा चयन गरियो।

## वृन्दावन वेलफेयर सोसाइटी सालबारीद्वारा सर सफाई

वृन्दावन वेलफेयर सोसाइटी सालबारीको आयोजनामा सर सफाई कार्यक्रम सम्पन्न गरिएको छ।2021 मा 49 वटा घरहरु मिलाएर स्थापना गरिएको वृन्दावन वेलफेयर सोसाइटीको आयोजनामा सदस्य सदस्याहरुले सर सफाईको कार्य सम्पन्न गरेका छन् वृन्दावन वेलफेयर सोसाइटीले आफ्नो स्थापनाकालदेखि नै विभिन्न सामाजिक कार्यहरु गर्दै आइरहेको बताइएको छ। यसै क्रममा आइतवार सालबारी बजारदेखि मेथीबारी पेट्रोल पम्पसम्म सर सफाई गरिएको वृन्दावन वेलफेयर सोसाइटीका सल्लाहकार निर्मल गुरुङले जानकारी गराएका छन्। उनले बताए अनुसार, यस सर सफाई कार्यमा वृन्दावन वेलफेयर सोसाइटीका 4 वर्षका नानीहरुदेखि 80-85 वर्षसम्मका वृद्ध वृद्धाहरु सक्रिय रूपमा सहभागी बने। सर सफाई विषयमा सचेतना फैलाउन उक्त कार्य सम्पन्न गरिएको पनि उनले बताएका छन्।

## मौसम

कोलकाता सहित दक्षिण बंगालमा मौसम सुख्खा रहनेछ। बिहान केही क्षेत्रमा कुहिरो लाग्ने सम्भावना रहेको छ। उत्तर बंगालका चार जिल्लाका लागि बाक्लो कुहिरोको चेतावनी जारी गरिएको छ। दक्षिण बंगालमा बिहान र रातमा चिसो हुनेछ, तर दिनमा चिसो लगभग समाप्त हुनेछ। अलिपुर मौसम विभागका अनुसार, आगामी पाँचदेखि सात दिनसम्म तापक्रममा उतारचढाव रहनेछ। वीरभूम, मुर्शिदाबाद, नादिया, पूर्व र पश्चिम वर्धमान, पूर्वी मेदिनीपुर र दक्षिण २४ परगना जिल्लाहरूमा कुहिरो लाग्ने सम्भावना रहेको छ।चिसोको प्रभाव बिस्तारै कम हुँदै गइरहेको छ। पश्चिमी जिल्लाहरूमा पनि तापक्रम ११ देखि १५ डिग्री सेल्सियसको बीचमा रहेको छ। उत्तर बंगालका चार जिल्लाहरू: दार्जिलिङ, अलिपुरद्वार, जलपाईगुडी र कुचबिहारमा कुहिरो लाग्ने सम्भावना व्यक्त गरिएको छ। बाँकी जिल्लाहरूका धेरै क्षेत्रमा हल्का देखि मध्यम कुहिरो लाग्ने अनुमान गरिएको छ। सोमबार कोलकाताको न्यूनतम तापक्रम १५.१ डिग्री सेल्सियस थियो, जुन सामान्यभन्दा अलि कम हो।

****** ० ******